# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

## अर्नमा गाउंपालिका
## सिरहा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७
च.नं. ४३१

मिति: २०७७।३।२६

श्री प्रमुखज्यू,
अर्नमा गाउंपालिका
सिरहा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।


(विन्दु विष्ट )
नायव महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७ मिति:२०७७।३।१४
च.नं ११०

श्री प्रमुखज्यू,
अर्नमा गाउंपालिका
सिरहा ।

विषय: लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको राय**

हामीले अर्नमा गाउपालिका, आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानुन र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१.पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।

२.लेखापरीक्षणबाट रु.३ करोड ७६ लाख ९४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१० लाख ४१ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ५८ लाख ३४ हजार र पेश्की वांकी रु.८ लाख १९ हजार रहेको छ ।

३.लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया तथा प्रमाण पेश हुन नआएबाट सोही वमोजिम वेरुजु कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना १९ यसैसाथ संलग्न छ ।

४.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउपालिका कार्यकारिणी, प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका

सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np, Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

**अर्नमा गाउंपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५।७६**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न अर्मना गाउपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउंपालीका अर्न्तगत ५ वडा रहेको २९ सभा सदस्य ३७.७६ व.की.मी.क्षेत्रफल २२९१२ जनसंख्या २ नं. प्रदेशमा अवस्थित छ ।

**१. स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम अर्मना गाउंपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | ४७१६१६७५.३७ | | १ | **चालु खर्च** | १४७७२९९९९.४० |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | ६५६९३४४२.० |
| | ख) बैंक धरौटी : ४७१६१६७५।३७ | | | ३ | **वित्तीय व्यवस्था भुक्तानी हिसाव मिलान** | १२९६३९१९.५० |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व : | २३६७२४०.७७ | | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड : | ४३३५७२२९.४४ | | | ग) अन्य भुक्तानी | ५७०९.० |
| | ग) अन्य आय | | | ४ | **लगानी** | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | ८०२००००.० | | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | ११२६४४०००.० | | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता** | ४४००००.० |
| | घ) विशेष अनुदान | | | ६ | **कोष खर्च** | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | **मौज्दात** | ६४७००५४१.८३ |
| | क)वित्तीय समानीकरण अनुदान | २४७००००.० | | | क) नगद मौज्दात | |
| | ख) सशर्त अनुदान | १६५००००.० | | | ख) बैंक मौज्दात | |
| | ग) समपूरक अनुदान | २५१६२५.० | | | | |
| | घ) विशेष अनुदान | | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ३३०५४८.८० | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | | |
| | क) ऋण प्राप्ति | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | |
| | घ) अन्य प्राप्ति | | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | | |
| १० | **धरौटी आय** | ११०१२९२.३५ | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | |
| १२ | **अन्य विविध आय फिनल्याण्ड सरकार** | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | २९१५३३६११.७३ | | | | २९१५३३६११.७३ |

| दफा नं | लेखापरीक्षणबाट देखिएका व्यहोरा | वेरुजु रकम रु | फछ्र्यौंट को विवरण |
|---|---|---|---|
| | महालेखा परीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७६, मन्त्रालयगत लेखापरीक्षण योजना एवं स्वीकृत एकाईगत लेखापरीक्षण योजना बमोजिम लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोवार संग सम्वन्धीत निकायवाट प्राप्त जानकारी अनुसार तयार गरी स्वीकृत भएको समष्टिगत लेखापरीक्षण योजना, इकाईगत लेखापरीक्षण योजना, जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा वित्तीय विषयको लेखापरीक्षण नीति, मापदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायीक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमाको आधारमा तथा राजश्वको असुलि र दाखिलाको जोड जम्मा आन्तरिक लेखापरीक्षणको आधार तथा उपलव्ध भए सम्मका श्रेस्ता परीक्षणवाट तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर कार्यालयका सम्वन्धीत पदाधिकारी वीच मिति २०७६।०९।२४ मा वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । | | |
| १ | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । अध्यक्षले प्रमुख प्रशासकिय अधिकृत र प्रमुख प्रशासकिय अधिकृतले वडा सचिवलाई नियमानुसार अख्तियारी दिएको देखिएन । | | |
| २ | **आन्तरीक नियन्त्रण प्रर्णालीः** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । प्रयोगमा ल्याइएका खाताहरु प्रमाणीत नभएको, जिम्मेवारी नतोकिएको र आन्तरीक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन भएको देखिएन । मासीक खर्च चौमासीक खर्च सोही अनुसार फांटवारी तयार गर्नु पर्नेमा एकै पटक आषाढ महिनामा मात्र जोड जम्मा तथा फांटवारी तयार गर्ने गरेको कारण खर्च अनुपात यकिन नभएको र चालु खर्च तर्फको फांटवारी तयार नभएवाट चालु खर्चमा खर्च रकम यकिन गर्न सकिने अवस्था देखिएन । साथै माग गरीएका विभिन्न अनुसूची फारामहरु पेश नभएकोले अनुसूची सम्वन्धमा विश्लेषण गर्न सकिने अवस्था देखिएन । | | |
| ३ | **श्रोतअनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउंपालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरणमा , वजेट सिमा | | |

| | | | |
|---|---|---|---|
| | निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार भए गरेको पाईएन । | | |
| ४ | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । | | |
| ५ | **स्थनीय तथ्यांक र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउंपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउंपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको देखिएन स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउंपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।<br><br>गाउंपालीका कार्यालयले देहाय अनुसार प्रतिवेदन तथा विवरण तयार गर्ने गरेको देखिएन । ऐन नियममा भएको व्यवस्थाको परिपालना गर्ने तर्फ सम्वन्धीत निकायको ध्यान जानु पर्ने देखिन्छ ।<br><br>(क) वैंक समायोजन विवरण तयार गर्ने नगरेको ।<br>(ख) योजना कार्यान्वयन तालीका निर्माण नगरेको ।<br>(ग) समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको ।<br>(घ) करका लागि उपयुक्त लेखा प्रणाली राखेको छैन ।<br>( ङ ) भौतिक परिक्षण भएको तथा प्रतिवेदन तयार गरेको छैन ।<br>(च) सांकेतीकरण, लिलाम ,राफसाफ, प्रक्रिया पुरा गरेको छैन ।<br>(५) धरौटी खाताको आर्थिक विवरण, फांटवारी , अभिलेख आदीको व्यवस्था गरेको छैन ।<br>(ज) वजेट तथा खख्तियारी वडा कार्यालय लाई दिने नगरेको ।<br>(झ) वार्षिक कार्यक्रम परिषद वाट स्वीकृत भै सकेपछि थप घट गर्ने संशोधन गर्ने कार्य गरेको ।<br>(ञ) गाउंपालीकाले वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने गरेको छैन ।<br>(ट) खातापाता लगत फांटवारी आदी अधिकार प्राप्त अधिकारीवाट प्रमाणीत गर्ने नगरेको । | | |
| ६ | **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९४ वमोजि लेखा नराख्ने प्रतिवेदन पेश नगर्ने लाई लेखा नरहेको रकमको ५ प्रतिशत सम्म र प्रतिवेदन पेश नगरेकोमा ७ दिनको तलव वरावरको जरीवाना गर्नु पर्ने व्यवस्था छ । स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्याक्रम वमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वार्षिक कार्यक्रम अनुसार प्रगति प्रतिवेदन तयार नगरेको र चौमासिक खर्च सम्वन्धमा विवरण माग गरिएकोमा चौमासिक खर्च सम्वन्धी सम्पुर्ण खर्चका विवरण प्राप्त नभएकोले चौमासिक खर्च रकमको सम्वन्धी मा विश्लेषण गर्न सकिएन । | | |
| ७ | **पौमासिक पुँजीगत खर्च तर्फ** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९४ वमोजि लेखा नराख्ने प्रतिवेदन पेश नगर्ने लाई लेखा नरहेको रकमको ५ प्रतिशत सम्म र प्रतिवेदन पेश नगरेकोमा ७ दिनको तलव वरावरको जरीवाना गर्नु पर्ने व्यवस्था छ । स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्याक्रम वमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।चौमासीक खर्चको विवरण देहाय अनुसार रहेको छ । | | |

| | | | |
|---|---|---|---|
| | पुंजिगत खर्च र प्रतिशत :<br><br>प्रथम चोमासीक \| दोश्रो चोमासिक \| तेश्रो चौमासिक \| आषाढ महिनाको खर्च \| कूल खर्च<br>खर्च नभएको \| ७८९४६७- \| ६४५५३९७५ \| ६११४४०३५।- \| ६५३४३४४२।-<br>० प्रतिशत \| १.२० प्रतिशत \| ९८.७९ प्रतिशत \| ९३.५७ प्रतिशत \| | | |
| ८ | **अमानतबाट कार्य :-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४५ अनुसार सामान्य प्रकृतिको समेत सम्भार साना तिना नियमित कार्य वा सरसफाई जस्ताका कार्य अमानतबाट वा उपोक्ता समितिबाट काम गराउने सकिने उल्लेख छ। कार्यालयले गाउँपालिकाका विभिन्न योजना अमानतबाट गराई वडा सचिवलाई भुक्तानी दिएको देहाय अनुसार रकम नियम विपरीत देखिएको रु. | १८८०६९१ ।– | |

| भौ.नं. मिति | कामको विवरण | भुक्तानी पाउने रकम | रकम |
|---|---|---|---|
| १२।०७६।३।६ | पाईप खरिद र निर्माण | वडा नं.५ का वडा सचिव विल्टु यादव | ९००००। |
| ४९,, ३।२५ | मन्दिर निर्माण | वडा नं.३ ,, ,, योगेन्द्र प्रसाद यादव | ९७०००। |
| ५०, ,, ,, | कृषि सडक निर्माण | ,, ,,, ,, | १५००००। |
| ७९, ३।२७ | वडा नं.३ सडक निर्माण | ,, ,, ,, | ७२७५०। |
| ८०, ,, | ,, ,, | ,, ,, ,, | ६७९००। |
| ९६, ,, ३।३० | वडा नं.५ माटो पुर्ने कार्य | वडा नं.५ का वडा सचिव विल्टु यादव | ९५७८५। |
| ९९, ,, | ,, ,, | वडा नं.५ का वडा सचिव विल्टु यादव | ७८१४९। |
| १०१, ,, ,, | वडा नं.४ भरपाई मात्र | वडा नं.४का वडा सचिव दिपन कुमार यादव | १८२०२। |
| १०२, ,, ,, | ,, ,, बाँध निर्माण( मुसहर) | वडा नं.४का वडा सचिव दिपन कुमार यादव | ४८५०० |
| १०३, ,, ,, | ,, ,, सडक मर्मत सम्भार | वडा नं.४का वडा सचिव दिपन कुमार यादव | ९७०००। |
| १०४, ,, ,, | ,, ,, जे.ना.सम्मान | वडा नं.४का वडा सचिव दिपन कुमार यादव | ३५००००। |
| १०६, ,, ,, | ,, ,, बोरिंग कार्य | वडा नं.४का वडा सचिव दिपन कुमार यादव | ९७०००। |
| १०७, ,,, ,, | ,, ,, सडक निर्माण | वडा नं.४का वडा सचिव दिपन कुमार यादव | ९७०००। |
| १०८, ,, ,, | ,, ,, शौचालय निर्माण | वडा नं.४का वडा सचिव दिपन कुमार यादव | १९४०००। |
| १११, ,, ,, | ,, ,, सडक समेत | वडा नं.४का वडा सचिव दिपन कुमार यादव | ३६४०५। |
| ११६, ,, ,, | वडा नं.३ सडक निर्माण | वडा नं.३ ,, ,, योगेन्द्र प्रसाद यादव | ९७०००। |
| १२३, ,, ,, | स्वास्थ्य शाखा स्टोर निर्माण | विनोद प्रधान | ९७०००। |
| १२७, ,, ,, | सडक ग्राभेल | जगविर यादव | ९७०००। |
| जम्मा | | | १८,८०,६९१।- |

<table>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td>९</td><td>दररेट सम्बन्धमा :- जिल्ला दररेट अनुसार ऐनालाईसिस गर्दा मु.अ.कर समेत समावेश गरी दर कायम भएकोमा मु.अ.करमा दर्ता नभएको तथा कर विजक जारी गरेको विल समावेश नभएको अवस्थामा देहाय अनुसार भुक्तानी खर्च लेखेको कर विजक विल बेगर मु.अ.कर भुक्तानी रकम उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.
<table>
<tr><td>भौ.नं. मिति</td><td>कामको विवरण</td><td>भुक्तानी रकम</td><td>कर विजक जारी नभएको रकम</td><td>कट्टा गर्नुपर्ने मु.अ.कर रकम</td></tr>
<tr><td>११५।२०७६।०३।३०</td><td>सडक ढलान कार्य वडा नं.१</td><td>३८८००००।- तारविल</td><td>७२५५०।-</td><td>८३४६।-</td></tr>
<tr><td>११६, „ „</td><td>सडक निर्माण एक्साभेटर</td><td>९७०००।-मेसिन</td><td>९७०००।-</td><td>११५२९।-</td></tr>
<tr><td>१२१, „ „</td><td>„ „</td><td>३२६१७७।- मेसिन</td><td>१२८९३५।-</td><td>१४८३३।-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>३४७०८।-</td></tr>
</table></td><td>३४७०८।–</td><td></td></tr>
<tr><td>१०</td><td>राजश्व अभिलेख : आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीषण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीषणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>११</td><td><u>बढी भुक्तानी :-</u><br><br>क) गोश्वारा भौचर नं.१२४, २०७६।०३।३० गाउँपालिका भवनको तल्ला थप गर्ने कार्यका लागि रु.१८५९७५५।-को लागत अनुमान तयार भई रु.२१०,७५५।- उपभोक्ता समिति रु.१६४९०००।- गाउँपालिकाले व्योहार्ने गरी उपभोक्ता समिति सँग २०७५।०९।१२ मा सम्झौता भएको देखिन्छ । संलग्न मुल्यांकन विल अनुसार रु.१८५९७५५।- को कार्य सम्पन्न भई उपभोक्ता समितिको रु.२१०७५५।-जनसहभागीता कटा गर्दा रु.१६४९०००।- मध्ये पहिलो विलबाट रु.१२४५६३१।- भुक्तानी भएको अवस्थामा हाल अन्तिम विलबाट रु.४०३३६९।- मात्र भुक्तानी खर्च लेख्नु पर्नेमा रु.९४९०००।- भुक्तानी खर्च लेखेकोले बढी भुक्तानी रु.५४५६३१।- सम्बन्धीत प्राविधिकलाई जिम्मेवार बनाई असुल हुनु पर्ने रु.<br><br>ख) गो.भा.नं.४८, २०७६।०३।२५ दशौं महतोको घर देखि पूर्व कटनिया सम्म सडक ग्राभेल गर्ने रु.३३०८३१।- लागत अनुमान तयार भई रु.३९८३१।- उपभोक्ता समितिले व्यहोर्ने गरी सम्झौता भएकोमा निर्माण कार्य रु.३२१४३०।- को मात्र सम्पन्न भएकोले सम्झौता अनुसार निर्माण सम्पन्न कार्यको ८७.९६ प्रतिशतले हुने रु.२८२७२९।- भुक्तानी पाउनेमा रु.२८९२८७।- भुक्तानी भएकोले बढी भुक्तानी रु.६५५७।- उपभोक्ता समितिबाट असुल हुनु पर्ने रु.<br><br>ग) गो.भा.नं.११७।२०७६।०३।३० :- दुर्गा मन्दिर प्लाष्टर कार्यको लागि रु.४३४९०७।- को लागत अनुमान स्वीकृत भई उपभोक्ता समिती बाट रु.४६९०७।- १०.७८ प्रतिशत र गाउँपालिकाबाट ८९.२१ प्रतिशत व्यहोर्ने गरी सम्झौता भएकोमा निर्माण कार्य सम्पन्न प्रतिवेदन विल अनुसार जोड जम्मा गर्दा रु.३८९४१८।- को मात्र निर्माण कार्य सम्पन्न भएकोमा जोड जम्मा फरक परी रु.४४१४०६।- देखाई सम्झौता अनुसार रु.३८८०००।- को ८९.२१ प्रतिशत रकम भुक्तानी भएकोले भुक्तानी पाएको रकम रु.३४७३९९।- भन्दा रु.४०६००।- बढी भुक्तानी सम्बन्धित जिम्मेवार बनाई</td><td>५४५६३१।–<br><br>६५५७।-<br><br>४०६००।-</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | असुल हुनुपर्ने रु. | | |
| १२ | **<u>पुँजीगत सुधारबाट राहत वितरण :-</u>** गो.भा.नं.१२६।२०७६।०३।३० दैवी प्रकोप राहतवापत गाउँपालिकाबाट बजेट व्यवस्था गरी भरपाई मात्र संलग्न भएको आधारमा रु.१२२९०००।- वडा नं.१ देखि ५ सम्मका वडा सचिवलाई वितरण गर्ने २०७६।०३।३० मा पेश्की भुक्तानी भएकोमा २०७६।०३।३१ मा वितरण भईसकेको भरपाई संलग्न गरी पेश्की फछ्र्योट भएको देखिन्छ । राहत वितरण गर्नेको लागि सम्बन्धित व्यक्तिको नागरिकता, निवेदन, प्रहरि प्रशासनबाट क्षति भएको विवरण र मुचुल्का सहितको प्रतिवेदन पेश भए पछि मात्र राहत वितरण गर्नु पर्नेमा सो भरपाई मात्रै पेश गरी राहत वितरण १ दिनमा भएको सम्बन्धमा एकिन गर्न सकिन आधार देखिएन । | | |
| १३ | **आन्तरिक नियन्त्रणमा कमजोर देखिएका पक्षहरु** : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउंपालिकाले सो अनुसार नियमको पालना नगरी निम्नानुसार भएको देखिएको छ ।<br>उपभोक्ता समिति गठन उपभोक्ता निर्देशिका वमोजिम नहुनु, सार्वजनिक सुनुवाई कम हुनु ।<br>समयमा कार्यक्रम वजेट व्यवस्था नहुनु, आवश्यकताको आधारमा नभई दामासाही गर्ने अडान र प्रकृतिको कारण ठुला कार्य हुन नसकेको, लागत सहभागिता जुटाउन नसक्नु, प्रयास नहुनु, अपनत्व जगाउन नसकेको कारण दोहोरोपना, संसोधन, निर्णय प्रकृयामा पारदर्शिता अभाव देखिनु ।<br>उपभोक्ता समिति नाम मात्रको हुनु, उपसम्झौता गरी अन्य निर्माण व्यवसायीलाई नै उक्त कार्य गराउनु ।<br>आर्थिक वर्षको अन्तीम चौमासिक ठेक्का सम्झौता भै कार्य आषाढ महिनामा १०० प्रतिशत कारोबार हुनु ।<br>अधिकांश वाटो निर्माण सम्वन्धी कार्य जेष्ठ, आषाढमा हुंदा उक्त सडकको प्रयोग जनताले १ महिना पनि गर्न नपाउनु, वर्षाको कारण अवस्था पुन जस्ताको तस्तै रहनु ।<br>निरीक्षण अनुगमन नाम मात्रको हुनु, हाल सम्म प्राप्त प्रतिवेदन अनुसारको कार्य नभएको, कम भएको, तोकिए अनुसार नभएको, आदी उल्लेख भै नआउनुको साथै निरीषण संतोषजनक रहेको मात्र उल्लेख भै आउने गरेको । | | |
| १४ | **सञ्चित कोष** : स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँ पालिका वा गाउपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गरिनु पर्दछ । | | |
| १५ | **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र गाउंपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउंपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | | |

१६

**मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर नियमावली, २०५२ को नियम ६ ग मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्वन्धित निर्माण व्यवसायी वा आपूर्तिकर्तालाई भूक्तानी गर्दा निजलाई भूक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्वन्धीत राजश्व शिर्षकमा जम्मा गरी वांकी रकम मात्र भूक्तानी दिनुपर्ने, यसरी राजश्व रकम जम्मा गरेको जानाकारी भूक्तानी गर्ने कार्यालयले सम्वन्धीत निर्माण व्यवसायी वा आपूर्ति कर्तालाई दिनु पर्ने र जम्मा भएको कर रकम सम्वन्धीत निर्माण व्यवसायी वा आपूर्ति कर्ताले वुझाउनु पर्ने करमा मिलान गर्न पाउने व्यवस्था छ । उक्त संशोधित व्यवस्था मिति २०७६।२।१५ बाट लागु भएकोमा योजना कार्यालयल वाट देहाय वमोजिम भूक्तानीमा निर्माण व्यवसायीले पेश गरेको विल विजक अनुसार भूक्तानी गर्नुपर्ने मूल्य अभिवृद्धि रकमको ५० प्रतिशत रकम निजको नामबाट सम्वन्धीत राजश्व शिर्षकमा दाखिला गरेको देखिएन । अत: नियमावलीको व्यवस्था अनुसार ५० प्रतिशतले हुने रकम राजश्व शिर्षक ३३११४ मा दाखिला गर्नुपर्ने देखिएको रु.

२७२०१३।–

| भौ.नं., मिति | कामको विवरण | निर्माण व्यवसायी /फर्म | भुक्तानी रकम | मु.अ.कर भुक्तानी | कट्टा गर्नुपर्ने ५०% रकम |
|---|---|---|---|---|---|
| २३।२०७६।०३।१५ | Software निर्माण | सेन्टर फर सस्टेनेबल डेभलेपमेन्ट | १३२५०००।- | १७२२५०।- | ८६१२५।- |
| ३८।२०७६।०३।२३ | ट्याक्टर खरिद | Usha Enterprises | ३१९०२६४।- | ४१४७३४।- | २०७३६७।- |
| ४५।२०७६।०३।२४ | खरिद कार्य | ड्रग इन्टरनेशनल फार्मैसी | ३४२६८९३।- | २६१८१८।- | १३०९०९।- |
| ६८।२०७६।०३।२६ | एम्बुलेन्स खरिद | Usha Enterprises | २७०९३३।- | ३५२२१।- | १७६१०।- |
| १६।२०७६।३।१५ | कृषि सडक निर्माण सेवा | Krishna Constuction | ३३५८००।- | ४३५५०।- | २१७७५।- |
| २८।२०७६।३।१७ | सडक ग्राभेल कार्य | बजरंग कनस्ट्रक्सन सर्भिस | ३८५३९२।- | ५०१०१।- | २५०५०।- |
| ३०, ,, ,, | दुर्गा मन्दिर निर्माण | Ramjanaki Enterprises | ४४५१३२।- | ५७८६७।- | २८९३३।- |
| ३७।२०७६।०३।२२ | माटो पुर्ने कार्य | Mahalaxmi Construction | ४३६२४०।- | ५६७११।- | २८३५५।- |
| ४४।२०७६।०३।२४ | वडा नं.१ ग्राभेल कार्य | Dimple Construction | ४०४५८६।- | ५२५९६।- | २६२९८।- |
| ११३।०७६।३।३० | गोसा जंगल संरक्षण | Raju construction | ५३१०००।- | ६९०३०।- | ३४५१५।- |

| | | | | | |
|---|---|---|---|---|---|
| १२२, ,, ,, | सडक ग्राभेल कार्य | Balaji Nirman Sewa | ३२२५००।- | ४१९२५।- | २०९६२।- |
| जम्मा | | | | | २७२०१३।- |

१७ **पेश्की वांकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । कार्यालयले देहाय अनुसार कर्मचारीलाई पेश्कि दिएकोमा समयमा पेश्कि फछ्र्यौट नगरेको कारण आ.व.०७५।७६ मा देहाय अनुसार पेश्की वांकी देखिएकोले उक्त पेश्की नियमानुसार असूल फछ्र्यौट हुनु पर्ने रु. ८१९०००।

| गो.भा.नं., मिति | व्यक्ति तथा संस्थाको नाम | रकम | शिर्षक |
|---|---|---|---|
| ७५।२०७६।०३।२७ | पुण्यलाल मदनलाल मा.वि. | ३०००००।– | वाल तथा टूयुवेल |
| १२६।२०७६।०३।३० | वडा सचिव विल्टु यादव | ३१९०००।– | राहत वितरण |
| २३०।२०७६।३।१४ | प्र.ना.नि.गणेश बहादुर प्रधान | २०००००।– | सामग्री खरिद |
| जम्मा | | ८१९०००।– | |

१८ **चालू खर्च तर्फ :-** गो.भो.नं.४५ मिति २०७६।०३।३१ स.स्वास्थ्य संयोजक रामकुमार महतोले लिएको पेश्की रु.८६३०००।- फछ्र्यौट गरेकोमा देहाय बमोजिम व्यहोरा देखिन्छ ।

**क)** स्वा.संयोजक विनोद प्रधानले पूर्ण खोप भेरिफिकेशन अन्तर्गत २०७६/०२/१४ देखि २०७६/२/२० सम्म काज गएको देखाई रु.११२००।- भुक्तानी लिएकोमा निज २०७६/२/१२ देखि २०७६/२/१८ सम्म औलो किटनाशक छिडकाउन अन्तर्गत रु.११२००।- भुक्तानी लिएकोले २०७६/२/१४ देखि २०७६/२/१८ सम्म ५ दिनको दोहोरो भुक्तानी रु.८०००।- र पोषण कार्यक्रममा पनि २०७६/२/१ देखि २०७६/२/७ को दोहोरो हुने गरी लिएको पेश्की रु.३५००।- असुल गर्नुपर्ने रु. ११५००।–

**ख)** सम्पूर्ण पेश्की रु.८६३०००।- फछ्र्यौट गर्दा सम्पन्न भएको कामको प्रतिवेदन पेश नभएको जिम्मेवार पदाधिकारीबाट भ्रमण आदेश, भ्रमणवील स्वीकृत नभएको, दाखिला रिपोर्ट, खरिद सम्झौता आदि कार्यालय प्रमुखको दस्तखत प्रमाण नभएकोले फछ्र्यौट पेश्की रकम नियमित देखिएन ।

**ग)** स्वास्थ्य संस्थाको सामाजिक लेखापरीक्षण अन्तर्गत रु.१०००००।- सहकार्य नेपाल नामक संस्थालाई भुक्तानी दिएको देखिएको । उक्त रकम भुक्तानी दिंदा संस्था सँग विजक जारी गरी भुक्तानी दिएको देखिएन तसर्थ विजक वेगर दिएको भुक्तानी सार्वजनिक खरिद नियमावली २०६४ विपरीत देखियो भने विजक वेगरको भुक्तानीमा १५ प्रतिशत कर असुल गर्नुपर्ने रु. १५०००।-

घ) गो.भा.नं.४६।२०७६।०३।३१ बाट स्वा.संयोजक विनोद प्रधानले लिएको पेश्की रु.१३७२०००।-

| | | | |
|---|---|---|---|
| | फछर्यौट गर्दा पेश भएको भ्रमण आदेश, भ्रमणविल, जिन्सी दाखिला खरिद आदी कागजातमा तोकिएको जिम्मेवार पदाधिकारीबाट स्वीकृत सिफारिस भएको दखिएन । अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नभएको कागजातको आधारमा पेश भएकोले फछर्यौट पेश्की रकम नियमित देखिएन । पेश्की फछर्यौट गर्दा पेश गरेको अधिकांश कागजात साथ प्रगति प्रतिवेदन पेश भएन । खर्चको कागजात साथ उपलब्धी देखिने कागजात पेश नभएकोले खर्चको विश्वनियतामा सुनिश्चि हुन सकिएन । | | |
| | ङ) आमा सुरक्षा कार्यक्रम अन्तर्गत स्वास्थ्य केन्द्रमा प्रशुति गराउने संख्या ८९ रहेको देखियो । जस अनुसार न्यानो झोला खपत पनि ८९ वटा हुनुपर्नेमा १०८ वटा खर्च भएको देखाईएको छ । बास्तविक भन्दा बढी सामान प्रयोग मौज्दात अवस्था नखुलेकोले प्रति झोला ९२५ का दरले १९ वटाको रु.१७५७५।- असुल गर्नुपर्ने रु. | १७५७५।- | |
| | च) गो.भा.नं. र मिति ३२६।२०७६।०३।३१ पम्प वितरण तथा अन्य खरिदमा विल रकममा कार्यक्रम कर कट्टा गर्नु पर्नेमा रु. १६८७५। थप गरी पेश्की फर्छ्यौट भएको देखिन्छ । यसरी थप गरी भुक्तानी दिदा दोहोरो भुक्तानी भएको उक्त रकम असुल हुनु पर्ने रु. | १६८७५। | |
| | छ) गाउँपालिकाबाट कृषि कार्यक्रम संचालन गर्दा कृषि कार्यक्रमको नामनामेसी लाई आधारमानी सोही अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले पानि तान्ने मोटर पम्प खरिद गरी रु.११२५०००।- भुक्तानी खर्च लेखिएको देखिन्छ । गाउँ कार्यपालिकाको निर्णय अनुसार उक्त पम्प निशुल्क वितरण गरेकोले नियमानुसार नियमको पालना गरी खर्च गर्नु पर्दछ । | | |
| | (ज)आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिदा वा खर्च गर्दा नियमितता , मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी , खर्च, लेखा र त्यसको जिन्सी, नगद मौजदात तथा आर्थिक कारोवार सम्बन्धी व्यवस्था र नियम प्रयोरन छन र तिनिहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनु पर्ने उल्लेख छ । कार्यालयले असार महिनामा पेश्की दिई असार महिनामा नै कार्य सम्पन्न गरी देहाय अनुसार भुक्तानी खर्च लेखेको मा नियमित तरिकाले मितव्ययिताका साथ कार्यदक्षता प्राप्त गरेको भनि विश्वस्त हुन सकिने अवस्था देखिएन । उदाहरणको लागि कृषि कार्यक्रम तर्फ प्रा.स. देवेन्द्र प्रसाद यादवको रु. २०,७५,०००। पेश्की फर्छ्यौट भएकोमा तरकारी मिनिकिट बाली संरक्षण साना सिचाई कार्यक्रम संचालन भएकोमा वितरण भरपाई मात्र संलग्न रहेको देखिन्छ । त्यसरी वितरण गर्ने कृषकको निवेदन, छनौट प्रकृया र आधार न्युनतम खेती योग्य जमिन तथा खेती भएको देखिने फोटो अनुगमन निरिक्षण प्रतिवेदन, त्यस वाट आर्थिक तथा समाजिक क्षेत्रमा परेका असर आदीको विश्लेषण नभई वितरण भएको आधारमा नै कार्यक्रम वितरणमुखि नभएको भनी विश्लेषण गर्न सकिने अवस्था देखिएन । तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । | | |
| | (झ) पशु कार्यक्रम तर्फ :- कमलेश यादवको पेश्की रु.११४००००।- असार महिनामा पेश्की दिई फछर्यौट भएकोमा बोका वितरण ५ वटा भएकोमा उक्त बोका खरिदको भरपाई र वितरणको भरपाई मात्र संलग्न रहेको, बोकाको स्वास्थ्य जाँच, विमा, ट्याग लगाएको प्रमाण वेगर उक्त वोका हाल के कस्तो अवस्थामा रहेका छन् निरीक्षण अनुगमन प्रतिवेदन त्यसबाट प्राप्त प्रतिफल आदीको विश्लेषण गरिएको देखिएन । | | |
| | ञ) घाँस विउ वितरण जै घाँस, वर्सिम, टियोसेन्टी आदीको विउ खरिद गरी वितरण गरेको भरपाई मात्र संलग्न देखिन्छ । घाँस खेती गरेको जग्गा तस्वीर घाँस खेतिको लागि विउ वितरण गर्दा कृषक छनौटको आधार, विउ वितरण हुनु पूर्व र वितरण पछिको आर्थिक क्षेत्रमा परेको प्रभाव सहितको अनुगमन निरीक्षण सहित विश्लेषण गर्नुपर्नेमा सो अनुसार विश्लेषण नभएबाट उक्त कार्यक्रम वितरण मुखी नभएको भनि भन्न सकिने अवस्था देखिएन । अनुगमन मूल्याँकन रु.५००००।- वार्षिक प्रगति रिपोटिङ्ग १६ पटक उल्लेख भई खर्च भए तापनि अनुगमन मूल्याँकन प्रतिवेदन पेश छैन । | | |
| | ट) धान विउ अनुदान र निशुल्क वितरण प्रा.स.देवेन्द्र प्रसाद यादवले पे.फ .र भुक्तानी रु.४०००००।- भएकोमा कृषकको धान विउ माग विवरण, निवेदन, कृषक छनौटको आधार र नागरिकता विउ वितरणबाट परेको प्रभाव अनुगमन निरीक्षण प्रतिवेदन उत्पादन नतिजा सहित विश्लेषण हुनुपर्नेमा वितरण भरपाईलाई मात्र आधार लिने कार्यमा नित्रन्त्रण हुनुपर्ने देखिन्छ । | | |
| **<u>पूँजीगत :-</u>** | | | |

| | | | |
|---|---|---|---|
| १९ | **सवारी साधन नामसारी नभएको :-**<br><br>२०७६।२।१३ आर्थिक कार्यविधि तथा विनिमय उत्तरदायित्व ऐन २०७६ दफा ३१ अनुसार स्थानिय तहका सबै कार्यलयको आफ्नो र अर्न्तगत कार्यालयको आन्तरिक नियन्त्रण प्रणलि तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको नियमित निरिक्षण सुपरिवेक्षण गर्नु पर्ने उल्लेख का साथै कार्यालयमा प्राप्त भएका जिन्सी मालसमान ७ दिन भित्र यथा स्थानमा दाखिला गरि श्रेस्ता खडा गर्नु पर्ने दफा २८ मा व्यवस्था छ । कार्यालयले आर्थिक वर्ष २०७५।०७६ मा खरिद गरेका ३ वटा मोटरसाइकल FZ- S १ र पलसर २ थान समेत हाल सम्म गाउँपालिकाको नाममा नामसारी नै नभएको सवारी दर्ता प्रमाण प्राप्त नभएको । यसरी खरिद भएको ६ महिना सम्म पनि नामसारी भै नआएको सम्बन्धमा आवस्यक जाँचबुझ गरी उक्त मोटरसाइकल गाउँपालिकाको नाममा प्राप्त भएको प्रमाण पेश हुनु पर्ने छ । | | |
| २० | **हाजिर नभएको तलब भत्ता :-**<br><br>२०७६।३।२२ जनता मा.वि. ब्रहम्पुरी को च.नं. २६ मिति २०७६।२।१६ को करार शिक्षक पदमा सुरेन्द्र कुमार महतो लाई विधालय व्यवस्थापन समितिको २०७६।२।१६ को निर्णयले २०७६।२।१७ देख तलब भता दिने गरुी कम्प्युटर शिक्षक पदमा २०७६असार मसान्तको लागिकरारमा नियुक्ती दिई रु. ३८,२५०। गाउँपालिका संग उक्त रकम सोध भर्ना माग गरिएको पत्र पेश भएकोमा निज शिक्षक जेष्ठ १७ गते देखि हाजिर भै २०७६ असाार २ सम्म मात्र हाजिर रहेको विधालयको हाजिर अभिलेखबाट देखिन्छ । यसरी निजलाई जेष्ठ महिनाको रु. १२,७५०। र अषाढ २ दिनको १७००। समेत रु. १४,४५०। भुक्तानी सोधभर्ना दिनु पर्ने मा रु. ३८,२५०। भुक्तानी दिएको हाजिर दिनु भन्दा बढी असुल हुनु पर्ने रु. | २३८००।- | |
| २१ | अग्रीम कर :- विभिन्न कार्य संचालन लगायत अन्य समान खरिद गरी भुक्तानी खर्च लेखेकोमा नियमानुसार कर कट्टी गर्नु पर्नेमा अग्रिम कर कट्टी नभएकोले आयकर ऐन २०५८ अनुसार कर कट्टा गर्नुपर्ने रु.<br><br>गो.भा.नं.३२९ मिति २०७६।०३।३१ वडा नं.५ का सचिव विल्टु यादव पे.फ.रु.३८५०००।- सामान खरिद रु.३७३०००।- को न्युनतम १.५ प्रतिशत अग्रिम कर कट्टी नभएको रु.५५९५।-<br><br>गो.भा.नं.३३० मिति २०७६।०३।३१ वडा नं.३ का सचिव योगेन्द्र प्रसाद यादव पे.फ.रु.४२००००।- को न्युनतम १.५ प्रतिशतले अग्रिम कर कट्टी नभएको रु.६३००।-<br><br>गो.भा.नं.३३१ मिति २०७६।०३।३१ वडा नं.२ का सचिव प्रविण कुमार सिंह पे.फ.रु.४२००००।- को न्युनतम १.५ प्रतिशतले अग्रिम कर कट्टी नभएको रु.६३००।-<br><br>गो.भा.नं.३३२ मिति २०७६।०३।३१ वडा नं.४ का सचिव दिपन कुमार यादव पे.फ.रु.४२००००।- मध्ये रु.३५६०००।- को न्युनतम १.५ प्रतिशतले अग्रिम कर कट्टी नभएको रु.५३४०।--<br><br>गो.नं.१७६ मिति २०७६।२।२७ नियमा नभएको पदाधिकारी भत्ता वापत गाउँकार्यपालिका बैठक बाट स्वीकृत गरी अध्यक्ष प्रति महिना रु.१५०००।- र उपाध्यक्ष रु.१००००।- का दरले वार्षिक रु.३०००००।- विविध खर्चवापत मासिक रुपमा अध्यक्ष तथा उपाध्यक्षको खातामा जम्मा गरेको रकम नियमानुसार पाउने भत्ता अन्य भत्ता थप सुविधा राखी भुक्तानी भएकोले नियमानुसार पाउने भन्दा बढी हुने गरी निर्णय बाट भत्ता थप गर्ने नियमानुसार नदेखिएको रु.३०००००।-<br><br>गो.नं.१२१ मिति २०७५।१२।२८ विविध खर्च भनि खरिदार जगविर यादवको रु.३७१५००।- पेश्की फछर्यौट भएकोमा स्वास्थ्य चौकी महनौर उदघाटन कार्यमा विशिष्ट व्यक्ति लगायत अन्य जनसहभागि भएको जनाई खाना खर्च मात्र रु.१५५३५०।- खर्च भएको खेखिन्छ । यसरी सशर्त अनुदानबाट कार्याक्रम विपरीत उदघाटन कार्यमा खर्च गर्नै र गाउँपालिका बैठकबाट अनुमोदन गराउने कार्य नियमित देखिएन । अत यस्ता खर्चमा नियन्त्रण हुनुपर्ने तर्फ सम्बन्धीत निकायको ध्यान जानुपर्ने देखिन्छ ।<br><br>आर्थिक सहायता :- कार्यालयले चालु खर्च शिर्षकबाट रु.५०००।- देखि रु.१०००००।- सम्म ११ जना | २३५३५।– | |

<table>
<tr><td></td><td>लाई रु.२६६०००।- आर्थिक सहायता भुक्तानी गरेको देखिन्छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । यस मध्ये एक सहकारी संस्था एक गाउँपालिका र वडा सदस्य समेत रहेको देखिन्छ ।</td><td></td><td></td></tr>
<tr><td>२२</td><td>घटीमा सम्झौता :- गो.भा.नं.१००।२०७६।०३।३० उपभोक्ता समिति सँग सम्झौता गर्दा न्युनतम १० प्रतिशत उपभोक्ता समितिबाट व्यहोर्ने गरी सम्झौता गर्नु पर्नेमा वडा नं.५ सडक समेत ग्राभेल कार्यको लागि लागत अनुमान २०२६७५।- भएकोमा रु.८६७५।- उपभोकता समितिको अंश ४.२८ प्रतिशत राखी सम्झौता गरेको देखिएकोले न्युनतम १० प्रतिशत उपभोक्ताको जनश्रमदान हुने गरी उपभोक्ता समिति सँग सम्झौता गर्ने गराउने कार्यमा प्राविधिक र योजनामा कार्यरत कर्मचारीलाई जिम्मेवार बनाउने पर्ने देखिन्छ ।</td><td></td><td></td></tr>
<tr><td>२३</td><td>विवरण भिडान नभएको :- गो.भा.नं.१०४।२०७६।०३।३० वडा नं.४ का वडा सचिव दिपन कुमार यादवको निवेदन अनुसासर जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरी कपडा वितरण ३०४ जनालाई सुति साडी २०० वटा धोती १०० वटा गमछा । गंजी १००/१०० वटा समेत जेष्ठ भत्ता पाउने वडा भरिका जे.ना.उल्लेख गरी रु.३५००००।- भुक्तानी खर्च लेखेको देखिन्छ । कार्यालयको अनलाईन डाटा एन्ट्री विवरण अनुसार जे.ना. पुरुष ८८ र महिला ५० गरी १३८ जना मात्र रहेको अवस्थामा ३०४ जनालाई यसरी कपडा वितरण भएबाट वास्तविक संख्या तथा वितरण रकमको सम्बन्धमा सम्बन्धित गाउँपालिकाबाट आवश्यक छानविन गरी एकिन हुनुपर्ने देखिन्छ ।</td><td></td><td></td></tr>
<tr><td>२४</td><td>उपभोक्ता समिति : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कायांलयबाट गनें भुक्तानीमा अनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गनें, योजना हस्तान्तरण नहुने तथा खचं सावंजनिक नगनें जस्ता कानूनले तोकेका कायं गरेको देखिएन ।</td><td></td><td></td></tr>
<tr><td>२५</td><td>अनुपातिक कती : सार्वजनिक खरिद नियमावली , २०६४को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति संग भए गरेको सम्झौता अनुसार आयोजनाको कूल लगत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक अनुदान रकम समेत कट्टा गरी भूक्तानी दिने उल्लेख छ । कार्यपालिका तथा गाउंसभा वाट १० प्रतिशत मात्र उपभोक्ता अंश कट्टा हुने भनी निर्णय गराई ऐन नियममा भएको व्यवस्था विपरित १० प्रतिशत कायम गरेको सम्वन्धमा सम्वन्धीत पदाधिकारीलाई जिम्मेवार वनाई उपभोक्ता समिति मार्फत गराएको देहायका विभिन्न निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको असुल गरी संचित कोष दाखिला हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं., मिति</th><th>कामको विवरण</th><th>लागनत अनुमान</th><th>गा.पा.प्रतिशत</th><th>कार्य सम्पन्न</th><th>भुक्तानी हुनुपर्ने</th><th>भुक्तानी भएको</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>८७।०७६।०३।३०</td><td>वडा नं.२ अधुरो मंन्दिर निर्माण</td><td>३१०५८२।-</td><td>८९.०५</td><td>३४५०९१।-</td><td>३०७३०३।-</td><td>३१०५८२।-</td><td>३१७९।-</td></tr>
<tr><td>१०९।०७६।३।३०</td><td>रामजानकी मन्दिर निर्माण</td><td>४५०१४६।-</td><td>८६.१९</td><td>३७०७८२।-</td><td>३१९५७७।-</td><td>३३३७०५।-</td><td>१४१२८।-</td></tr>
<tr><td>१२१, „ „</td><td>सडक निर्माण ग्राभेल</td><td>५४४४१४।-</td><td>८९.०८</td><td>३६२४१९।-</td><td>३२२८४२।-</td><td>३२६१७७।-</td><td>३३३४।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>२०७४१।-</td></tr>
</table></td><td>२०७४१।–</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| २६ | लक्षित समूह खर्च : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउंपालीकाले कार्यक्रममा राखी खर्च गरेको कार्यक्रम कार्यविधिको परिपालना भएको देखिएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । | | |
| २७ | सामाजिक सुरक्षा : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ नेपाल सरकार संघ संस्था मित्रराष्ट्र तिनका निकायवाट मासिक रुपमा तलव भत्ता पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाइरहेका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता पाउने छैनन् ।<br>वालवालिकाको आमा वावु मध्ये कुनै एक सरकारी वा औपचारीक सेवामा कार्यरत भएमा कुनै व्यवसाय दर्ता गरी संचालन गरी रहेको भएमा यो भत्ता प्राप्त हुने छैन ।<br>दोहोरो हुनेगरी भत्ता पाएको जानकारी हुन आएमा मासिक तलव भत्ता वा पेन्सन प्रदान गर्ने कर्यालयमा सो सुविधा तत्काल रोक्का गर्न पत्राचारगरी सामाजिक सुरक्षा भत्ता समेत रोक्का गर्नुपर्ने छ ।<br>मृत्यु भएमा, वसाई सरी गएमा, एकल वा महिलाले विवाह गरेमा , ५ वर्ष उमेर पुगेमा नविकरण, नभएमा लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । यसरी वर्षभरीमा भए गरेका कार्यको लगत कट्टा गरी व्यवस्थित गरिएको देखिएन ।<br>मन्त्रालय, विभाग र जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रकृयाको निरीषण अनुगमन गर्नुपर्नेमा सो अनुसार अनुगमन, निरीषण गरेको देखिएन ।<br>क. गो.भा.नं.१६, २०७५/१२/२९ वडा नं.३ को दोश्रो चौमासिकमा सामाजिक सुरक्षा भत्ता अन्तर्गतको दलित जे.ना.लाई रु.१०२४०००।- रकम वितरण गरिएको पेश्की फछ्यौंट विवरण देखियो । तर रु.१०२००००।- रुपैयाँ मात्र भत्ता वितरण भरपाई वितरण गरिएको देखिन्छ । कम वितरण भएको सो रकम रु.४०००।- असुल गर्नु पर्ने ।<br>ख. गो.भा.नं.२८,२०७६।०३।३१ जेष्ठ नागरीक सामाजिक सुरक्षा भत्ता बापत भत्ता प्राप्त गरीरहेका वडा न.५ का प्रथी मण्डल को द्धितिय चौमासीकमा मत्यु भएको अभिलेख सामाजीक सुरक्षा भत्ता भरपाइ किताबमा देखिन्छ ।मृत्यु भइसकेको व्यक्तीलाइ तेस्रो चौमासीकमा वितरण गरीएको रु ८०००,रकम बुझिलिएको देखिन्छ । सो रकम असुल गर्नुपर्ने देखिन्छ । | रु.४०००।-<br>रु.८०००।- | |
| २८ | **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउंपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन ।गाउँपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीषणका क्रममा गाउंपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीषणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाउंपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | | |
| २९ | **सवारी कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउंपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलिलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | | |

| | | | |
|---|---|---|---|
| ३० | **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई गाउंपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले यस आ.व.को लेखा सुत्रमा राखेको देखिएन श्रेस्ता तोकिएको ढाँचामा राखी कारोवार गर्नु पर्छ । | | |
| ३१ | खरिद सम्बन्धमा :- सार्वजनिक खरिद नियमावली २०७४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरीक राजश्व कार्यालयबाट स्थायी लेखा नं.प्राप्त गरेको व्यक्ति, फर्म संस्थाबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले देहाय बमोजिमका खर्च भुक्तानी गरेकोमा स्थायी लेखा नं. प्राप्त नगरेका फर्मबाट कार्य गराई रु.२७००८६८।-भुक्तानी दिएको छ । यसरी नियम विपरीत भुक्तानी दिएको रकम नियमित नदेखिएको रु. | २७००८६८। | |

| सि.नं. | गो. भौचर नं.र मिति | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ३१९, २०७६।०३।३० | सामाजिक विकास समिती नेपाल | ४९२५००।- |
| २ | ३२०, ,, ,, | स्देश विकास प्रतिष्ठान | ९५८१७,- |
| ३ | ३०२, ,, ,, | जागरुक युवा क्लव | २४६२५०।- |
| ४ | ३०३, ,, ,, | अर्नमा कृषि सहकारी संस्था लि. | ९९३९८।- |
| ५ | ३१४, ,, ,, | श्री जनता सामुदायिक विकास केन्द्र | १८४२९७।- |
| ६. | ३१६, ,, ,, | श्री जागृती नेपाल कृष्णपुर | ९४३६३।- |
| ७ | ३१८, ,, ,, | श्री सागरमाथा कृषक समुह | १८८२४३।- |
| ८ | ३०६, ,, ,, | श्री लोक कल्याणकारी सामाजिक संस्था | ३०००००।- |
| ९ | ३०९, ,, ,, | ,, ,, ,, | ५०००००।- |
| १० | ३१०,,, ,, | सागरमाथा वेदमाया गायात्री ट्रष्ट | २०००००।- |
| ११ | ३११, ,, ,, | ,, ,, ,, | १०००००।- |
| १२ | ३१२, ,, ,, | श्री दलित अधिकार अभिलाषा लहान | २०००००।- |

३२ **स्थानिय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउंसभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून वमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं.२ प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार अर्नमा गाउंपालिका को कार्यालयले देहाय वमोजिम सुविधावापत भुक्तानी भएको छ ।

| विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ५ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १६ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३१५००।- | २७५००।- | २००००।- | २००००।- | ७०००।- | ३९१०००।- |
| संचार सुविधा -मासिक दर) / एकमुष्ठ | | | | | | |
| वैंठक भत्ता (संख्याको आरमा) प्रति वैंठक | | | | | | |
| खाजा भत्ता मासीक | - | - | - | - | - | - |
| पुस्तक पत्र पत्रिका -मासिक) | - | - | - | - | - | - |
| अनुगमन भत्ता -मासीक) /वार्षिक | | | | | | |
| खानेपानी ,विजुली महसुल -मासीक) | - | - | - | - | - | - |
| सरसफाई, मर्मत -मासीक) | - | - | - | - | - | - |
| अतिथि सत्कार ( मासीक) | १५०००।- | १००००।- | - | - | - | २५०००।- |
| यातायात खर्च ( मासीक) | - | - | - | - | - | - |
| जम्मा | | | | | | ४९९२०००। |

३३ **<u>योजना छनौट :-</u>** स्थानीय तहमा उपलब्ध हुने श्रोत साधनको अधिकतम उपयोग गरी योजना बद्ध सहभागीता मुलक कार्यकमको माध्यमबाट स्थानीय जनतालाई पक्षमा लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु, स्थानीय जनताका आधारभूत आवश्यकताको परिपुर्ति स्थानीय स्तरमा नै विकेन्द्रीकरणको मुल भावना र मर्मलाई आत्मसात गरी स्थानीय बाटोघाटो, पुलपुलेशा , सिंचाई कुलो, बाँध , विधालय भवन, स्वास्थ्य चौकी भवन आदीको निर्माण र आय मुलक कार्यक्रमको संचालन गनै आर्थिक कार्यविधी तथा वितिय उत्तरदायित्व ऐन अनुसार योजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने तुलनात्मक लाभ बढी भएका सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न पर्ने उल्लेख छ तर गाउँपालिकाले योजना छनौट गर्दा प्रतिफल वा उपलब्धी, कम हुने तुलनात्मक लाभ कम हुने योजनाहरु विभिन्न देवी मन्दिर निर्माण र दलान निर्माणमा देहाय अनुसार योजना छनौट गरी भुक्तानी खर्च लेखेको नियम विपरीत देखिन्छ । ३०५२००००।

| योजनाको नाम | योजना संख्या | रकम | कैफियत |
|---|---|---|---|
| मन्दिर निर्माण र रंग रोगन | ३४ वटा | ११९५००००।- | पूँजीगत सुधार सार्वजनिक निर्माण |
| विपद व्यवस्थापन आर्थिक सहायता | विभिन्न | १५०००००।- | ,, ,, ,, |

| | | | |
|---|---|---|---|
| कपडा वितरण जेष्ठ नागरिक सम्मान | १ | ३५००००।- | पूँजीगत सुधारबाट |
| जग्गा छुट्याउने कार्य | १ | ५०००००।- | ,,, ,, |
| दलान निर्माण | १९ | ४५५००००।- | ,, ,, |
| कम्प्युटर अपरेटर तलब | १ | ७००००।- | ,, ,, |
| सिलाई कटाई तालिम | १ | २००००० ।- | ,, ,, |
| अंग्रेजी माध्यम शिक्षा | १ | ३०००००।- | ,, ,, |
| सुत्केरी सुविधा थप | १ | १०००००।- | सार्वजनिक निर्माण पुँजीगत सुधार |
| औषधी खरिद | १ | ८०००००।- | ,, ,, |
| सवारी साधन खरिद | ४ | १०२०००००।- | ,, ,, |

३४ **भेरिएसन : आईटम वाईज भेरिएसन स्वीकृत वेगर उपभोक्ता समिति लाई भेरिएसन रकम भूक्तानी** : भेरिएसन अर्डर स्वीकृत गरी खर्च गर्दा अनिवार्य रुपमा प्राविधिक पुष्ट्याई सहित रिवाईज कष्ट इस्टिमेट स्वीकृत गराएर मात्र भूक्तानी गर्ने, Original cast Estimate तथा BOQ को Ouantites भन्दा वढी Quantity को भूक्तानी गर्नु अगाडी अनिवार्य रुपमा भेरिएशन अर्डर तथा Revised cast Estimate स्वीकृत गराएर मात्र भूक्तानी गर्ने उल्लेख छ । कार्यालयले भेरियसन आदेश स्वीकृत नगराई देहाय अनुसार आईटम वाईज भेरियसन वढी भूक्तानी भएकोमा भेरियसन स्वीकृतको प्रमाण पेश नभएकोले उक्त खर्चलाई नियमित खर्च मान्न नसकिने रु.

| भौ.नं., मिति | कामको विवरण | आइटम भेरिएसन रकम |
|---|---|---|
| १६। २०७६।०३।१५ | सडक निर्माण कार्य | ३३६५४।- |
| २१, ,, ,, | अधुरो नाला निर्माण कार्य | ६५५३।- |
| २५, २०७६।०३।१६ | वडा नं.१ कार्यालय भवन प्लाष्टर | १२६८६।- |
| २७ , ,,, ३।१७ | वडा नं.३ सडक ढलान कार्य | २९६८८।- |
| २८, ,, ,, | सडक मर्मत तथा ग्राभले | १२५८४।- |
| ३०, ,, ,, | दुर्गा मन्दिर निर्माण | १८४०५।- |
| ३२, ,, ३।१८ | कुलो निर्माण कार्य | १३६५७।- |
| ५१, ,, ३।२५ | कुलो निर्माण | ६६०८।- |
| ५२, ,, ,, | सामाजिक दलान कार्य | १९७४५।- |
| ५४, ,, ,, | सडक विस्तार ग्राभले कार्य | १३६५०।- |
| ५७, ,, ३।२६ | नरहानदी पुल निर्माण | ३६६३४।- |
| ६१, ,, ,, | वडा नं.३ दलित टोल ढलान | ८२१४।- |
| ७०, ,, ३।२७ | संसारी देवी माई स्थान | ६०३८।- |
| ७८, ,, ,, | अधुरो दलान निर्माण | १५०२९।- |
| ८२, ,, ,, | स्मारक निर्माण | ११६०६।- |
| ८३ ,, ,,, | खानेपानी कल जडान | ७८५६।- |

७३२३६९।–

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ८६, ,, ,, | रामपसर देवी मन्दिर निर्माण | २१६३२।- | | | |
| | ९०, ३।३० | अधरो गोल घर निर्माण | ६१८२।- | | | |
| | ९३, ,, ,, | वडा नं.५ सडक कालो पत्रे | १३४०३९।- | | | |
| | ९७ ,, ,,, | वडा नं.३ दलान निर्माण | ५१४००।- | | | |
| | ९८ ,,, ,, | वडा नं.५ सडक ग्राभेल | ४०८५४।- | | | |
| | १०५ , ,, | वडा नं४ खानेपानी व्यवस्था | २७४२६।- | | | |
| | ११० , ,, | वडा नं.४ कृषि सडक निर्माण | ७८७७।- | | | |
| | ११३, ,, ,, | वडा नं.१ सडक निर्माण र गोसा जंगल संरक्षण | ९१६११।- | | | |
| | ११५, ,, ,, | वडा नं.१ सडक ढलान कार्य | ९८७३१।- | | | |
| | जम्मा | | ७३२३६९।- | | | |
| ३५ | **विमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा वढिको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको विमा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार निर्माण कार्यहरु कुनैमा पनि विमा गर्ने गरेको देखिएन । | | | | | |
| ३६ | **गुणस्तर परिक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । गाउंपालिकाले रहेका सामानको गुणस्तर परीक्षण गरेको पाइएन । नियमावलीमा तोकिए अनुसार मालसामान निरीक्षण वा परीक्षण गरी गुणस्तर जांच गर्ने गरेको पाइएन | | | | | |

**अनुगमन तथा मूल्याङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ७९०७२०००।– | – | ७९०७२०००।– |

**अद्यावधिक बेरुजु स्थिति** : त्रिवेणी पालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (c) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| ७९०७२०००।– | - | ३७६९३४६३। | ११६७६५४६३। |

अनुसूची– १

## अर्नमा गाउँपालिकाको बेरुजू बर्गीकरण
## आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | सिरहा | अर्नमा गा.पा. | २३ | १३ | ३७६९४ | ० | ० | ० | २३ | १३ | ३७६९४ | १०४१ | ३५८३४ | ० | ० | ० | ३५८३४ | ८१९ | ० | ८१९ |

अनुसूची- २

## अर्नमा गाउपालिका सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १ | अर्नमा गा.पा. | सिरहा | ४७१६२ | ८२६७० | ११४५४६ | ४७१५६ | २९१५३४ | १४७७३० | ६५६९३ | १३४१० | २२६८३३ | ६४७०१ |

## अर्नमा गाउपालिका अद्यावधिक वेरुजु स्थिति २०७५।७६

अनुसूची -३
(रु.हजारमा)

| स्थानिय तह | जिल्ला | गत वर्षको वांकी | यो वर्षको फछ्र्यौट | वांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजु | यो वर्षको वेरुजु | कूल वांकी वेरुजु |
|---|---|---|---|---|---|---|---|
| १. अर्नमा गाउंपालिका | सिरहा | ७९०७२ | - | ७९०७२ | - | ३७६९३ | ११६७६५ |